# भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता

**लय खतिवडा**

सहप्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस, कैलाली

इमेल : khatiwadalaya@gmail.com

DOI: https://doi.org/10.3126/prajna.v126i1.86298

**लेखसार**

*यस लेखमा भाषाशिक्षणमा सञ्चार र प्रविधिको प्रयोगको विश्लेषण गर्ने प्रयास गरिएको छ। भाषाशिक्षणमा सञ्चार र प्रविधिको पहिचान, शिक्षण सिकाइलाई सरल, सहज, आकर्षक र प्रभावकारी बनाएर शिक्षण गर्न आवश्यक छ भन्ने समस्याको समाधान यस लेखमा खोजिएको छ। यस अध्ययनमा भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकतासँग सम्बन्धित विभिन्न सन्दर्भ ग्रन्थबाट तथ्याङ्क सङ्कलन तथा सूचना प्राप्त गरी त्यसका आधारमा विश्लेषण गरिएको छ। यस अध्ययनमा पुस्तकालयीय अध्ययन र व्यावहारिक जीवनमा प्रयोगमा आएका प्रविधिबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ। प्रस्तुत अनुसन्धानमूलक लेखमा वर्णनात्मक र विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ। भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकताका बारेमा सुविधाजनक नमुना छनोट विधिबाट प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ। शिक्षण सिकाइलाई सरल र सहज बनाउन, सूचना र जानकारी व्यवस्थित गर्न, समय, स्रोत र साधनको उपयोग गर्न, अध्ययनमा विद्यार्थीको रुचि अभिवृद्धि गर्न, शिक्षक र विद्यार्थीबिचको सम्बन्ध बढाउन र सिकाइ उपलब्धि परीक्षण गरी अभिलेख राख्न सञ्चार र प्रविधिको आवश्यकता पर्दछ। भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकताका बारेमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि यो लेख औचित्यपूर्ण हुने छ। विद्यार्थीमा सूचना सम्प्रेषण गर्ने क्षमताको विकास गर्न, विद्यार्थीकेन्द्रित भएर शिक्षण सिकाइ गर्न, पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, शिक्षण क्रियाकलाप, सामग्री निर्माण र मूल्याङ्कनमा सञ्चार र प्रविधिको आवश्यकता छ भन्ने यस अध्ययनको निष्कर्ष रहेको छ।*

**शब्दकुञ्जी** : पाठ्यक्रम, पाठ्यपुस्तक, मूल्याङ्कन, सङ्केत, सम्प्रेषण।

## विषयपरिचय

सञ्चार मानव जीवनको अभिन्न अङ्ग हो। मानवले जन्मेदेखि नै कुनै न कुनै रूपमा सञ्चार गरिरहेको हुन्छ। व्यक्तिलाई भोक, निद्रा, प्यास, थकाइ आदिको अनुभूति हुनु तर त्यसलाई व्यक्त गर्ने शब्द विम्ब तयार नहुँदा उसले अन्य तरिका अपनाउँछ र सञ्चार गर्दछ। कोट्याउनु, चिमोट्नु, छुनु, ठेल्नु आदि प्रक्रियाद्वारा पनि सञ्चार गरिन्छ। यसलाई स्पर्शद्वारा हुने सञ्चार

भनिन्छ । आँखा, कान, मुख, ओठ, हात आदिको इसारा ट्राफिक सङ्केत, झन्डा, झन्डाको रङ आदिद्वारा गरिने विचार विनियमलाई सङ्केतद्वारा हुने सञ्चार भनिन्छ । ताली, चुड्की, घन्टी, टेबल, थाल, नाङ्लो आदिद्वारा आवाज निकालेर विचार विनिमय गर्नु, सुसेल्नु, चराचुरुङ्गीले कराउनु, मानवले आवाज निकाल्नु आवाजद्वारा हुने सञ्चारका उदाहरण हुन् । चुप लागेर बस्दा पनि सञ्चार हुन्छ । एक अर्कामा सञ्चार गर्ने माध्यम लिखित, मौखिक, श्रव्य, दृश्य, सङ्केत, स्पर्श, गन्ध आदि विभिन्न प्रकारका हुन्छन् ।

सञ्चार शब्द अङ्ग्रेजी कम्युनिकेसन शब्दको नेपाली रूपान्तरण हो । चालिसे (२०६४) का अनुसार सञ्चार सामान्यतया एक व्यक्तिबाट अर्कोसम्म सङ्केत, लिपि, बोली वा अरू कुनै माध्यमद्वारा विचार, धारणा र सूचना वा जानकारी पुऱ्याउने काम वा प्रक्रिया हो (पृ. १) । वर्तमान सन्दर्भमा दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बिचमा कुनै विषयवस्तुप्रतिको धारणा र दृष्टिकोण कुनै प्रविधिको प्रयोग गरेर अरूछेउ पुऱ्याउने प्रक्रियालाई पनि सञ्चार मान्न सकिन्छ । संस्कृत भाषाको शब्द सञ्चारको शाब्दिक अर्थ विचार सूचना, घटना वा सन्देशको आदान-प्रदान गर्नु भन्ने हुन्छ । ल्याटिन शब्द 'कम्युनिस' बाट आएको यस शब्दको अर्थ पारस्परिक बुझाइ भन्ने हुन्छ । यसरी विचार, भावना वा जानकारी एक ठाउँबाट अर्को ठाउँसम्म पुऱ्याउनु वा एकले अर्कोसँग परस्पर भावना, विचार, दृष्टिकोण साट्नु नै सञ्चार हो । सञ्चार त्यतिबेला सम्भव हुन्छ जब एकले बोलेको, भनेको कुरा अर्कोले विभिन्न प्रविधिका माध्यमबाट बुझेर प्रतिक्रिया गर्दछ । यदि सञ्चारमा बुझाइ हुन सकेन भने सञ्चार असफल हुन्छ (आचार्य, २०६४, पृ. १) । सञ्चार र प्रविधिका साधनको प्रयोगले एक-अर्काको भाव र विचार बुझ्न र शिक्षण सिकाइ प्रभावकारी बनाउन सकिन्छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, चलचित्र, मोबाइल, इमेल, इन्टरनेट, पोस्टर, पम्प्लेट आदि सञ्चार र प्रविधिको प्रयोग गरी शिक्षण गर्न सकिन्छ । भाषाशिक्षणमा सञ्चार र प्रविधिको प्रयोगले शिक्षण सिकाइलाई आकर्षक र प्रभावकारी बनाउन र पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा गर्न सकिन्छ ।

'प्रविधि' शब्दले शिक्षण सिकाइ क्रियाकलापमा सिकाइ सहजीकरण गर्न र विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि प्रयोग गरिने समग्र उपकरणलाई जनाउँछ । यसरी भाषाशिक्षणमा 'प्रविधि' शब्दले आधुनिक तथा वैज्ञानिक उपकरण र तिनको सञ्चालन प्रक्रियालाई समेटिएको देखिन्छ । अङ्ग्रेजी भाषाको 'टेक्नोलोजी' शब्दले प्रविधिलाई जनाउँछ । यसले शिक्षण सिकाइ गर्दा शिक्षण कार्यमा संलग्न व्यक्तिले अपनाउने सबै किसिमका कलात्मक कार्यलाई जनाउँछ । शिक्षण सिकाइमा प्रविधिको प्रयोगअन्तर्गत विद्युतीय उपकरणका माध्यमबाट पाठ्यक्रमको निर्माण, कार्यान्वयन, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन र पुनर्संरचनासँग सम्बन्धित कुराहरूसमेत पर्छन् । विद्यालय र विश्वविद्यालयले निर्माण गर्ने योजना, कार्य सञ्चालन गर्ने प्रक्रिया र मूल्याङ्कन गर्न प्रयोग गरिने तरिकामा प्रविधि जोडिएर आएको हुन्छ ।

सिक्ने, सिकाउने कुरामा सञ्चार र प्रविधिको प्रयोग मानव उत्पत्ति र सभ्यतासँगै जोडिएको छ । प्राचीन समयमा एकआपसमा विभिन्न शारीरिक भाव, हाउभाउ र सङ्केतबाट सञ्चार गरिन्थ्यो । मानव सभ्यताको विकाससँगसँगै भाषाको समेत विकास र विस्तार भयो । जसको फलस्वरूप व्यक्ति एकआपसमा भाषाको माध्यमबाट सञ्चार गर्न पुग्यो । विकासको क्रमसँगै लिखित, मौखिक, श्रव्य, दृश्य, सङ्केत, स्पर्श, गन्ध, स्वाद आदि विभिन्न माध्यमबाट सञ्चार गर्न

थालियो। नेपालमा आमसञ्चारको प्रारम्भ वि.सं. १९०८ तिर जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्कंदा फलामे हाते प्रेस ल्याएपछि सुरु भएको देखिन्छ (देवकोटा, २०२३, पृ. २०)। यसलाई आधुनिक समयमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, चलचित्र, पुस्तक, इन्टरनेट, अनलाइन आदि प्रविधिका माध्यमबाट सञ्चार गरिएको पाइन्छ। भाषाशिक्षणमा सञ्चारसँगै प्रविधिको प्रयोग गर्न सकिन्छ। मानव भाव, विचार, सूचना, धारणा, दृष्टिकोण, जानकारी विद्यार्थीबिचमा पुऱ्याउन सञ्चार र प्रविधिको आवश्यकता पर्दछ। सञ्चारलाई स्थान, समय, भौतिक वातावरण, व्यक्तिको भावना आदिले प्रभावित पार्दछ। भाषिक सामग्रीलाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा पठाउने कामलाई सञ्चार भनिन्छ र सञ्चारका पत्रपत्रिका, रेडियो, टेलिभिजन, हुलाक तथा दूरसञ्चार आदि विविध साधनलाई सञ्चारका माध्यम भनिन्छ (शर्मा र बराल, २०५५ पृ. ११०)। सञ्चार र प्रविधिको प्रयोगबाट शिक्षक र विद्यार्थीबिचमा सूचनाको आदानप्रदान गरी आधुनिक प्रविधिको प्रयोग गरेर भाषाशिक्षणलाई उपयोगी बनाउन सकिन्छ। यस लेखमा भाषाशिक्षणमा सञ्चार र प्रविधिको पहिचान, शिक्षण सिकाइलाई सरल, सहज, आकर्षक र प्रभावकारी बनाएर शिक्षण गर्न किन आवश्यकता छ भन्ने प्रश्नलाई पुष्टि गर्न तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ। भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकतालाई व्याख्या विश्लेषण गरी एउटा निष्कर्षमा पुग्नु यस अनुसन्धानमूलक लेखको मुख्य उद्देश्य राखिएको छ। वर्तमान समयमा भाषिक सामग्रीलाई एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन पत्रपत्रिका, रेडियो, टेलिभिजन, हुलाक, दूरसञ्चार तथा इन्टरनेट आदि विभिन्न प्रविधिको प्रयोग गरी भाषाशिक्षणलाई प्रभावकारी बनाएको पाइन्छ।

भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकताको अध्ययन गर्ने सन्दर्भमा पूर्वप्रकाशित भएका सैद्धान्तिक अवधारणाको पुनरावलोकनलाई आधार मानेर यो लेख तयार पारिएको छ। भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकताको सैद्धान्तिक आधार तयार गर्ने क्रममा ग्रिष्मबहादुर देवकोटा (२०२३), देवीप्रसाद गौतम, (२०४९), हेमाङ्गराज अधिकारी (२०६२), विजय चालिसे (२०६४), सूर्यमणि अधिकारी ( २०७५), चूडामणि बन्धु (२०७७), देवेन्द्रनाथ शर्मा र दीप्ति शर्मा (सन् १९६६), राजमणि शर्मा (सन् २०००), रमेश रावत (सन् २००५) लाई आधार बनाइएको छ। विश्वविद्यालयको औपचारिक तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएका शोधपत्र र शोधप्रबन्धहरूलाई सिद्धान्तका रूपमा उपयोग गरिएको छ। यस अध्ययनमा भाषाशिक्षणमा सञ्चार र प्रविधिको प्रयोगद्मा अध्ययन भएका अनुसन्धानमूलक लेखलाई समेत प्रयोग गरिएको छ। यसरी सञ्चार र प्रविधिसम्बन्धी केही अध्ययनहरू भएका देखिए तापनि 'भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता' शीर्षकमा यसभन्दा पूर्व यस विषयमा विस्तृत अनुसन्धान गरिएको देखिँदैन। त्यसैले भाषाशिक्षणमा यो अध्ययन उपयोगी देखिन्छ। यस लेखमा उल्लेखित विभिन्न विद्वान्हरूका प्रकाशित तथा अप्रकाशित सामग्रीहरूको सहयोगका साथै थप अनुसन्धान गरेर प्रस्तुत लेख तयार पारिएको छ।


## अध्ययनको विधि

यस अनुसन्धानमूलक लेखमा प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ। अध्ययनका क्रममा प्राथमिक सामग्रीका रूपमा सञ्चार र प्रविधिको अध्ययनबाट प्राप्त सामग्रीलाई उपयोग गरिएको छ। भाषाशिक्षणमा सञ्चार र प्रविधिसम्बन्धी सैद्धान्तिक पक्षका निम्ति विभिन्न सन्दर्भ पुस्तक, अनुसन्धानमूलक लेख र पत्रपत्रिकाको प्रयोग गरिएको छ। यसका निम्ति पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ। भाषाशिक्षणमा सञ्चार र प्रविधिसम्बन्धी पूर्ववर्ती अध्येताहरूले गरेका अध्ययन विश्लेषणबाट द्वितीयक सामग्री

सङ्कलन गर्नुका साथै भाषाशिक्षणमा सञ्चार र प्रविधिको सैद्धान्तिक पक्षको अध्ययन गरी त्यसका आधारमा विश्लेषण गरिएको छ । भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता विश्लेषण गर्दा यसको प्रयोग, पहिचान, आवश्यकता आदिमा केन्द्रित रहेर विश्लेषण गरिएको छ । सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण गरिएको हुँदा यस लेखमा गुणात्मक अध्ययन पद्धति अवलम्बन गरिएको छ । यस अध्ययनको अन्त्यमा भाषाशिक्षणमा सञ्चार र प्रविधिसम्बन्धी प्राप्त भएका सूचना र सामग्रीका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक आधार

भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता अध्ययन गर्ने सन्दर्भमा तथ्यको व्याख्या विश्लेषणका साथै यसको सैद्धान्तिक आधार निर्माण गर्ने क्रममा चालिसे (२०६४), राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७९), विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), बजेटमार्फत शिक्षण सिकाइलाई सञ्चार र प्रविधिमैत्री बनाउने र सबै सामुदायिक विद्यालयमा उच्च गतिको निःशुल्क इन्टरनेट सेवा पुऱ्याउने सरकारी नीति (आ.व. २०७५-२०७६), खतिवडा (२०७७) र विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिकालाई सन्दर्भका रूपमा लिइएको छ । यी अध्ययनले भाषाशिक्षणमा सञ्चार र प्रविधिसम्बन्धी सैद्धान्तिक र नीतिगत रूपमा रहेका जटिलता फुकाउने प्रयास गरेको देखिन्छ । सञ्चार र प्रविधिको प्रयोग गरी शिक्षाको पहुँच अभिवृद्धि गर्न, शैक्षिक प्रविधि र समाजबिचको सम्बन्धमा सुधार गर्न छोटो समयमा बढी शैक्षिक ज्ञान र सिप प्रदान गर्न र समयअनुसार नयाँ ज्ञान प्राप्त गर्न सञ्चार र प्रविधिको सैद्धान्तिक चर्चा गरेको देखिन्छ । कोरोनाको महामारीका कारणले शिक्षा क्षेत्रमा पुऱ्याएको क्षतिलाई कम गर्न यी अध्ययनले सहयोग पुऱ्याएको देखिन्छ । विश्वविद्यालयको औपचारिक तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएका शोधपत्रहरूमा समेत सञ्चार र प्रविधिको अध्ययन प्रयोगात्मक रूपमा गरिएको देखिन्छ । प्रस्तुत गरिएका अध्ययनभन्दा यो अध्ययन भिन्न भाषाशिक्षणमा सञ्चार र प्रविधिसँग सम्बन्धित रहेको छ । यस लेखका लागि निम्नानुसारको सैद्धान्तिक ढाँचाको उपयोग गरी लेखलाई पूर्णता दिइएको छ :




यस लेखमा भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता र यसको उपयोगलाई आधार मानेर त्यससँग सम्बन्धित विभिन्न तथ्याङ्क सङ्कलन गरी व्याख्या विश्लेषण गरेर निष्कर्ष निकालिएको छ ।

## विमर्श र नतिजा

शिक्षण सिकाइलाई सहजीकरण र सरलीकरण गर्न भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता पर्दछ । विद्यार्थीको रुचि अभिवृद्धि गर्न, सूचना सम्प्रेषण गर्ने क्षमता विकास गर्न, समयअनुसार ज्ञानको क्षितिज फराकिलो पार्न शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, शिक्षण विधिमा सुधार गर्न भाषाशिक्षणमा सञ्चार र प्रविधिको उपयोग बढ्दै गएको छ । शिक्षण सिकाइ क्रियाकलापमा विभिन्न परिस्थिति र सन्दर्भको सिर्जना गरी अन्तरक्रिया गर्न, विषयवस्तुको व्यवस्थापन गर्न शिक्षणमा सञ्चार र प्रविधिको आवश्यकता देखिन्छ । शिक्षक तथा विद्यार्थीकेन्द्रित शिक्षण विधिलाई आकर्षक र प्रभावकारी बनाउन, सिकाइ उपलब्धिको परीक्षण र मूल्याङ्कन गर्न, प्रविधिमा आधारित शिक्षण सामग्रीको छनोट गर्न, सामग्री निर्माण र प्रयोग गर्न र शिक्षणसँग सम्बन्धित विभिन्न पक्षहरूको अभिलेख राख्न सञ्चार र प्रविधिको आवश्यकता देखिन्छ । भाषाशिक्षणमा सञ्चार र प्रविधिको आवश्यकतालाई मुख्य गरी पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक लेखन, शिक्षण क्रियाकलाप, शैक्षिक सामग्री निर्माण तथा मूल्याङ्कन प्रक्रियामा कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरालाई यस लेखमा निम्नलिखित सूचकहरूका आधारमा विश्लेषण गरिएको छ ।

## पाठ्यक्रम निर्माणमा सञ्चार र प्रविधि

विद्यार्थीले विद्यालयभित्र र बाहिर हासिल गर्ने शैक्षिक अनुभव तथा बालबालिकाको चौतर्फी विकासका लागि बनाइएको शैक्षिक योजना नै पाठ्यक्रम हो । पाठ्यक्रमलाई शिक्षाको मार्गचित्रका रूपमा पनि लिइन्छ । के पढाउने, कति पढाउने, कसरी पढाउने, कुन विधिको प्रयोग गर्ने, केकस्ता सिकाइ उपलब्धि हासिल गर्ने, सिकाइ उपलब्धि भए भएनन् भनी मूल्याङ्कन गर्ने लिखित दस्तावेजलाई नै पाठ्यक्रम भनिन्छ । वर्तमान सन्दर्भमा सञ्चार र प्रविधिको उपलब्धताका कारणले पाठ्यक्रम निर्माण गर्दा नै सञ्चार र प्रविधिलाई जोडेर कसरी सिक्ने, सिकाउने र कुन विधिको प्रयोग कसरी गर्ने भन्ने प्रश्नको उत्तर खोजेर पाठ्यक्रम निर्माण गर्नुपर्ने हुन्छ । सैद्धान्तिक, व्यावहारिक र वैज्ञानिक प्रविधिको प्रयोगलाई आधार मानेर पाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया, समय आदिलाई विस्तृत रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ । एउटा पूर्ण पाठ्यक्रमभित्र विद्यार्थी र समसामयिक समाजका इच्छा र आवश्यकताहरू प्रतिबिम्बित भएको हुन्छ । पाठ्यक्रमकै आधारमा पाठ्यपुस्तक तयार पारेर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिने हुँदा पाठ्यक्रम निर्माणमा सञ्चार र प्रविधिलाई जोडेर हेर्नुपर्ने हुन्छ ।

आधुनिक सन्दर्भमा पाठ्यक्रमले बालकको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप र अनुभवको विस्तृत शैक्षिक योजना तयार गरेको हुन्छ । पाठ्यक्रमको व्यापक र आधुनिक अर्थमा विद्यार्थीको रुचि, तह, स्तर, इच्छा र आवश्यकतालाई ध्यान दिएर निश्चित उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री, सिकाइ अनुभव, शिक्षण क्रियाकलाप, शिक्षण विधि तथा मूल्याङ्कन जस्ता अङ्गहरूलाई समेटेर निर्माण गरिएको शैक्षिक योजना पाठ्यक्रम भएकाले यसलाई पूर्णता दिन सञ्चार र प्रविधिको आवश्यकता पर्दछ । बालकको आवश्यकता र सर्वाङ्गीण विकासका लागि विद्यालयभित्र र बाहिर गरिने सम्पूर्ण क्रियाकलापसँग पाठ्यक्रम सम्बन्धित रहेकाले पाठ्यक्रमलाई सञ्चार र प्रविधिसँग जोड्न सकिन्छ । आधुनिक पाठ्यक्रमले विद्यार्थीका शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक पक्षलाई समेटेको हुन्छ । पाठ्यक्रमको व्यापक अर्थले सम्पूर्ण शैक्षिक गतिविधि, शैक्षिक

कार्यक्रम, विद्यालयभित्र र बाहिर गरिने सम्पूर्ण क्रियाकलाप, शैक्षिक अनुभव र सिकाइ अनुभवको योजना, शिक्षण विधि आदि समावेश गरेको हुँदा शैक्षिक पाठ्यक्रम निर्माणको क्रममा नै सञ्चार र प्रविधि प्रयोग गरिन्छ । यसरी पाठ्यक्रम विकासका प्राविधिक चरणहरू उद्देश्यको पहिचान र निर्माण, सिकाइको विधि, अनुगमन र मूल्याङ्कन प्रक्रिया, सुधारका लागि पुनरावृत्ति र पुनरावलोकन जस्ता चरणहरू पूरा गर्न सञ्चार र प्रविधिको प्रयोग गरिन्छ ।

### पाठ्यपुस्तक लेखनमा सञ्चार र प्रविधि

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुसार विद्यार्थीको सर्वाङ्गीण विकासका लागि तयार पारिएको आधारभूत पाठ्यसामग्री नै पाठ्यपुस्तक हो । पाठ्यपुस्तक शिक्षण क्रियाकलापमा आधारित निश्चित तह, कक्षा र विषयमा केन्द्रित हुन्छ । सिकाइ उपलब्धि भए भएनन् भनी मूल्याङ्कन गर्ने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यका आधारमा पाठ्यपुस्तक तयार पारिन्छ । पाठ्यक्रम कार्यान्वयन गर्न पाठ्यक्रमले तोकेको ढाँचाअनुसार पाठ्यपुस्तक विकास हुन्छ र विद्यालयमा लागु गरिन्छ । त्यस्तै पाठ्यपुस्तकमा प्रस्तुत गरिएका विषयवस्तुलाई आधार मानेर शिक्षण क्रियाकलाप गरिन्छ। पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा गर्न सञ्चार र प्रविधिको सहयोग लिइन्छ । पाठ्यक्रमले तोकेबमोजिम स्थानीय रूपमा उपलब्ध स्रोतसाधन र प्रविधिको सहयोग लिएर पाठ्यपुस्तक लेखन गरी शिक्षण सिकाइ क्रियाकलाप गरिन्छ ।

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग पुऱ्याउने पाठ्यपुस्तक स्तरीय भए मात्र शैक्षिक उद्देश्य प्राप्त गर्न सकिन्छ । पाठ्यपुस्तक शिक्षकका लागि पथप्रदर्शक हो भने विद्यार्थीका लागि अतिआवश्यक स्रोत सामग्री हो । सम्पूर्ण शैक्षिक क्रियाकलाप पाठ्यपुस्तककै आधारमा निर्माण गरिने भएकाले एक असल पाठ्यपुस्तकले मात्र निर्धारित उद्देश्य पूरा गर्न सक्दछ । पाठ्यपुस्तकमा विद्यार्थीको शारीरिक, मानसिक पक्ष र समाजको, देश, काल, वातावरण बुझेर के कस्ता विषयवस्तु राखेर सञ्चार र प्रविधिको प्रयोग गर्ने भन्ने विषय चुनौतीपूर्ण र जटिल मानिन्छ । विषयवस्तु र त्यसमा प्रयोग गरिने प्रविधिको छनोट गर्दा विद्यार्थीको उमेर, स्तर, रुचि, भाषिक क्षमता, शिक्षकको अनुभव, भाषिक र बौद्धिक क्षमता, उपयुक्तता, आकर्षक, मानक आदि पक्षमा विचार पुऱ्याउनु पर्दछ । पाठ्यपुस्तक लेखन सम्पन्न भएपश्चात् यसलाई प्रचार प्रसार गर्न, विद्यार्थी र शिक्षकसम्म पुऱ्याउन सञ्चार र प्रविधिका विभिन्न साधनको प्रयोग गरिन्छ ।

### शिक्षण सिकाइ क्रियाकलापमा सञ्चार र प्रविधि

पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न छनोट गरिएका विभिन्न क्षेत्रका विषयवस्तुहरूलाई कसरी, कुन पद्धति वा प्रक्रिया अपनाएर शिक्षण सिकाइ सम्पन्न गर्ने भन्ने पाठ्यक्रमको अङ्गलाई शिक्षण क्रियाकलाप भनिन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य हासिल गर्नका लागि के कस्ता शिक्षण प्रक्रिया अपनाउने र के कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने भन्ने कुराको जानकारी शिक्षण क्रियाकलापमा हुन्छ । पाठ्यक्रमका उद्देश्य हासिल गर्नका लागि अपनाइने विभिन्न विधि तथा कार्यकलापलाई शिक्षण क्रियाकलापमा स्पष्ट पारिएको हुन्छ । शिक्षण क्रियाकलापको छनोट गर्दा आवश्यकताअनुसार श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीहरूको प्रयोग गर्न सकिन्छ । पाठ्यक्रमको यस अङ्गमा कुन क्षेत्र र विधाका विषयवस्तुमा के कस्ता विधि र सामग्रीको के कसरी प्रयोग गर्ने भन्ने कुरा स्पष्ट पारिएको हुन्छ ।

पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्न कक्षाकोठामा शिक्षक र विद्यार्थीले अपनाउने सम्पूर्ण प्रक्रियालाई शिक्षण क्रियाकलाप भनिन्छ। पाठ्यक्रमका विशिष्ट उद्देश्य पूरा गर्न शिक्षक र विद्यार्थीको पारस्परिक सहयोगबाट विषयवस्तुलाई सञ्चालन गरिने प्रक्रिया नै शिक्षण क्रियाकलाप हो। यसले भाषिक सिप आर्जन गर्न अपनाइने कार्यकलापलाई जनाउँछ। भाषाशिक्षणका क्रममा उच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, लिखित एवम् मौखिक तथा अभिव्यक्ति, संवाद, छलफल, वादविवाद, भाषण, अभिनय जस्ता भाषिक सिप प्राप्त गर्न प्रयोग गरिने शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुनुपर्दछ। विषयवस्तुप्रति विद्यार्थीको रुचि कसरी बढाउने ? कुन शिक्षण विधिको प्रयोग गर्ने ? कुन कुन अनुभव उपयोग गर्ने ? शैक्षिक सामग्रीको प्रयोग कसरी गर्ने ? जस्ता प्रश्नहरूको उत्तर खोज्ने काम शिक्षण प्रक्रियामा गरिन्छ। शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी र विद्यार्थीकेन्द्रित बनाउन छलफल, प्रश्नोत्तर, प्रदर्शन, व्याख्यान, पठन, खोज, सहकार्य आदि विभिन्न विधि र विषयवस्तुअनुसार शैक्षिक सामग्रीको प्रयोग गर्न सकिन्छ। विद्यार्थीलाई पाठ्यक्रमले अपेक्षा गरेका शैक्षिक उपलब्धि हासिल गराउन विद्यालयमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिन्छ। यसका लागि वार्षिक कार्ययोजना, त्रैमासिक योजना, एकाइ योजना र दैनिक पाठयोजना निर्माण गर्न सञ्चार र प्रविधिको सहयोग लिन सकिन्छ।

कक्षाकोठामा ल्यापटप र प्रोजेक्टर जोडेर पाठ्यपुस्तक, भिडियो र शिक्षण सामग्रीको प्रदर्शन गर्न सकिन्छ। नेपाल सरकार, विश्वविद्यालय, विभाग र पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेका एजुकेसनल सफ्टवेयरहरू, शिक्षण सामग्रीहरू प्रविधिको प्रयोग गरी प्रदर्शन गर्न सकिन्छ। शिक्षण सिकाइ क्रियाकलापमा मोबाइलका साधनहरू (डिजिटल, एन्ड्रोएड र स्मार्टफोन) जस्ता सञ्चारका नयाँ प्रविधिहरू प्रयोग गर्न सकिन्छ। अनलाइनमार्फत विभिन्न सामग्रीहरू देखाएर शिक्षण सिकाइ क्रियाकलाप गर्न सकिन्छ। डकुमेन्ट, एनिमेटेड भिडियो, स्लाइड र पावर प्वाइन्टहरू निर्माण गरी सिकाइ क्रियाकलाप गर्न सकिन्छ। यसका लागि जुम, मिट, मेसेन्जर, टिम, गुगल क्लासरुम, भेडामो, एडब कनेक्ट आदि एपको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापलाई सञ्चार र प्रविधिका माध्यमद्वारा प्रभावकारी बनाउन सकिन्छ। सञ्चार र प्रविधिका माध्यमबाट जीवन्त अन्तरक्रिया गर्ने, शिक्षक र विद्यार्थीबिचमा कम्प्युटर र मोबाइलका माध्यमबाट प्रत्यक्ष सम्पर्कमा रहेजस्तै गरी कुराकानी र अन्तरक्रिया गरेर सिक्ने र सिकाउने प्रचलन बढ्दै गएको छ।

### शैक्षिक सामग्रीको निर्माणमा सञ्चार र प्रविधि

भाषाशिक्षणका क्रममा उच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, लिखित एवम् मौखिक तथा अभिव्यक्ति, संवाद, छलफल, वादविवाद, भाषण, अभिनय जस्ता भाषिक सिप प्राप्त गर्न सञ्चार र प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बनाउन सकिन्छ। विद्यार्थीको रुचि बढाउन कस्ता सामग्री निर्माण गर्ने ? शैक्षिक सामग्रीको प्रयोग कसरी गर्ने ? जस्ता प्रश्नहरूको उत्तर खोज्ने काम शैक्षिक सामग्रीको निर्माणमा गरिन्छ। शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी र विद्यार्थीकेन्द्रित बनाउन छलफल, प्रश्नोत्तर, प्रदर्शन, व्याख्यान, पठन, खोज, सहकार्य आदि विभिन्न विधि र विषयवस्तुअनुसार शैक्षिक सामग्रीको प्रयोग गर्न सकिन्छ।

शैक्षिक सामग्रीमा सञ्चार र प्रविधिको प्रयोगले विद्यार्थीमा उत्प्रेरणा प्रदान गर्दछ। सूचना तथा सञ्चार तथा प्रविधिलाई शिक्षण सिकाइ सामग्रीका रूपमा प्रयोगमा ल्याउन सकिन्छ।

विषयवस्तु, तस्बिर, चित्र, छलफल, अन्तरक्रिया, ध्वनि, आवाज, सङ्गीत आदिलाई सिकाइका साधनका रूपमा प्रयोग गर्न सकिन्छ । श्रव्य तथा दृश्य सामग्रीका रूपमा मल्टिमिडिया, प्रोजेक्टर उपयोग गरेर विभिन्न पाठहरूको शिक्षण गर्न सकिन्छ । समय र युगसुहाउँदो शिक्षण सिकाइ गर्न सञ्चार र प्रविधिको आवश्यकता पर्दछ । पत्रपत्रिका, रेडियो, टेलिभिजन, डकुमेन्ट, एनिमेटेड भिडियो, स्लाइड र पावर प्वाइन्टहरू निर्माण गरी प्रयोग गर्न सञ्चार र प्रविधिको आवश्यकता पर्दछ । शैक्षिक सामग्रीमा प्रिन्ट, श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको प्रयोग गरिन्छ । पाठ्यपुस्तक, पम्प्लेट, पत्रपत्रिका, निर्देशिका, रेडियो, युएसबी, ड्राइभ, क्यासेट, माइक्रोफोन, टेलिभिजन, फिल्म, मल्टिमिडिया, युट्युब, मोबाइल, ल्यापटप, कम्प्युटर आदि सञ्चार र प्रविधिका साधनको प्रयोग गरेर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ ।

शैक्षिक सामग्रीको निर्माणमा सञ्चार र प्रविधिका लागि शैक्षिक सामग्रीमा फोन, टेक्स्ट, मेसेज, क्यामेरा, रेकर्डर, ई-बुकमा डिजिटल किताब पढ्न, डाउनलोड गर्न, सेभ गर्न र ई-पुस्तकालय बनाउन र अध्ययन गर्न, फोटो खिच्न र हेर्न, विषयवस्तु सम्पादन गर्न, अडियो तथा भिडियो रेकर्ड गर्न, भिडियो हेर्न र बनाउन, फिल्म हेर्न, इमेल पठाउन र पढ्न, अनलाइन पढ्न र पठाउन, भिडियो च्याट गर्न, सामाजिक सञ्जाल चलाउन, सम्पर्क गर्न, हिसाब गर्न, प्रश्नोत्तर गर्न, गृहकार्य गर्न, कक्षाकार्य गर्न, अन्तरक्रिया गर्न र शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्न जस्ता थुप्रै कार्यमा सञ्चार र प्रविधिको प्रयोग गर्न सकिन्छ ।

### मूल्याङ्कन प्रक्रियामा सञ्चार र प्रविधि

विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धिलाई के कसरी लेखाजोखा गर्ने भन्ने पाठ्यक्रमको प्रक्रियालाई नै मूल्याङ्कन भनिन्छ । शिक्षण सिकाइ प्रक्रियापश्चात् विद्यार्थीहरूले के कति भाषिक उपलब्धिहरू हासिल गरे त्यसको मूल्य निर्धारण गर्ने प्रक्रियालाई मूल्याङ्कन प्रक्रिया भनिन्छ । पाठ्यक्रम निर्माण योजनाबद्ध र व्यवस्थित प्रक्रिया भएकाले यसको निरन्तर मूल्याङ्कन र अनुगमनविना उपलब्धि मापन गर्न सकिँदैन । मूल्याङ्कन निरन्तर चलिरहने प्रक्रिया हो । पाठ्यक्रमको उद्देश्यअनुरूप शिक्षण सिकाइ प्रक्रिया के कति प्रभावकारी भए त्यसको खोजी मूल्याङ्कन प्रक्रियामा गरिन्छ । मूल्याङ्कन प्रक्रियाबाट अपेक्षित उपलब्धि हासिल गर्न सक्ने वा नसक्ने त्यसको वास्तविक जानकारी प्राप्त गर्न सञ्चार र प्रविधिको प्रयोग गर्न सकिन्छ । सञ्चार र प्रविधिले मूल्याङ्कन प्रक्रियामा आवश्यक परिमार्जन र पृष्ठपोषण गर्न सहयोग गर्दछ । विषयगत हिसाबले के कस्ता निर्माणात्मक, निर्णयात्मक र निदानात्मक मूल्याङ्कन गर्न उपयुक्त हुन्छ भन्ने कुराको स्पष्ट जानकारी दिइएको हुन्छ ।

मूल्याङ्कन प्रक्रियामा सञ्चार र प्रविधिको प्रयोगले सम्बन्धित भाषिक पक्षको लेखाजोखा गरी स्तरीय, मानक र औपचारिक भाषाका साथै सम्बन्धित कार्यक्रमलाई सुधार गर्न सहयोग पुऱ्याउँछ । यसले विद्यार्थीको रुचि, स्तर, उमेर, आवश्यकता र भाषिक पृष्ठभूमिअनुसार उद्देश्य, विषयवस्तु , शिक्षण प्रक्रिया, शिक्षण विधि, शैक्षिक सामग्री छनोट भए नभएको जानकारी गराउँछ । सञ्चार र प्रविधिले शिक्षार्थीका अपेक्षित भाषिक उपलब्धि हासिल भए भएनन्, शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्कनका साधन, शिक्षण सिकाइ प्रक्रिया, उपयुक्त छन् वा छैनन्, पाठ्यवस्तुहरू

विद्यार्थीकाको तह, स्तर, उमेरसुहाउँदा छन् वा छैनन् भन्ने कुराहरूमा पाठ्यक्रम निर्मातालाई सचेत गराई सुधारका लागि सहयोगी भूमिका निर्वाह गर्दछ ।

मूल्याङ्कन प्रक्रियामा सञ्चार र प्रविधिले विद्यार्थीको सिकाइ उपलब्धिलाई निर्णय गर्न आवश्यक सूचना प्रदान गर्दछ । सञ्चार र प्रविधिकै कारणले लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षाहरूको जानकारी हुन्छ । प्रत्येक मूल्याङ्कन प्रक्रियाका लागि समय, परिस्थिति र युगसुहाउँदो सञ्चार र प्रविधिको आवश्यकता पर्दछ । लिखित र प्रयोगात्मक परीक्षाका लागि नयाँनयाँ किसिमका प्रविधिहरूको उपयोग हुँदै आएको छ । रुजुसूची, रेटिङ स्केल, विद्यार्थीको प्रोफाइल, अभिलेख, फोटो, भिडियो आदिलाई आधुनिक प्रविधिको प्रयोग गरी कम्प्युटरकृत गरेर राख्ने र मूल्याङ्कन गर्ने प्रक्रिया बढ्दै गएको छ ।

**निष्कर्ष**

व्यक्तिले आफ्नो ज्ञान र सिपलाई निरन्तर अद्यावधिक गर्न, सिकाइलाई सरल, सहज प्रभावकारी बनाउन, विषयवस्तु केन्द्रित भएर शिक्षण सिकाइलाई दिगो बनाउन रेडियो, टेलिभिजन, इन्टरनेट, डिजिटल सामाजिक सञ्जाल जस्ता माध्यमहरूको प्रयोग आवश्यक मानिन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई युगसापेक्ष बनाउन आधुनिक वैज्ञानिक ज्ञानको व्यवस्थित प्रयोग गर्न अनिवार्य हुँदै गएको छ । कक्षाकोठामा शिक्षक र विद्यार्थी उपस्थित रहेर मात्र शैक्षिक प्रक्रिया सम्पन्न हुन सक्दैन । शिक्षणलाई सञ्चार र प्रविधिसँग जोडेर शिक्षण सिकाइ प्रभावकारी बनाउन सकिन्छ । शिक्षण संस्थामा सञ्चार र प्रविधिको व्यवस्था गर्न मल्टिमिडिया कम्प्युटर राख्ने, प्रोजेक्टर जडान गर्ने, सिसि टिभी जडान गर्ने, वाइफाइको व्यवस्था गर्ने, वेबसाइट निर्माण गर्ने, कक्षाकोठामा ताररहित माइक्रोफोन तथा स्पिकरको व्यवस्था गर्ने, टेलिफोन, फ्याक्स, फोटोकपी, स्क्यानर आदि उपकरण व्यवस्था गरेर शिक्षण सिकाइमा सञ्चार र प्रविधिलाई जोड्न सकिन्छ ।

भाषाशिक्षणमा सञ्चार र प्रविधिको प्रयोगले विद्यार्थीमा सूचना सम्प्रेषण गर्ने क्षमताको विकास हुन्छ । यसको प्रयोगले एकअर्काको भाव र विचार बुझ्न र शिक्षण सिकाइ प्रभावकारी बनाउन सकिन्छ । सञ्चारका माध्यमहरू पत्रपत्रिका, रेडियो, टेलिभिजन, चलचित्र, मोबाइल, इमेल, इन्टरनेट, पोस्टर, पम्प्लेट आदिको सहयोग लिएर शैक्षिक सामग्री निर्माण गर्न र विद्यार्थीकेन्द्रित भएर शिक्षण गर्न सकिन्छ । सञ्चार र प्रविधिको प्रयोगले शिक्षण सिकाइ क्रियाकलापमा सिकाइ सहजीकरण गर्न र विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न सकिन्छ । पाठ्यक्रम निर्माणमा सञ्चार र प्रविधिलाई जोडेर हेर्न सकिन्छ । पाठ्यक्रम विकासका प्राविधिक तहगत चरणहरू पूरा गर्न सञ्चार र प्रविधिको प्रयोग गरिन्छ । पाठ्यपुस्तक लेखन र प्रकाशनपश्चात् विद्यार्थी र शिक्षकसम्म पुऱ्याउन सञ्चार र प्रविधिका विभिन्न साधनको प्रयोग गरिन्छ ।

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र विद्यार्थीकेन्द्रित बनाउन विभिन्न विधि र विषयवस्तुअनुसार शैक्षिक सामग्रीको प्रयोग गर्न सकिन्छ । यसका निम्ति डकुमेन्ट, एनिमेटेड भिडियो, स्लाइड र पावर प्वाइन्टहरू निर्माण गरी जुम, मिट, मेसेन्जर, टिम, गुगल क्लासरुम, भेडामो, एडब कनेक्ट आदि एपको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलापलाई सञ्चार र प्रविधिसँग जोड्न सकिन्छ । सञ्चार र प्रविधिको प्रयोगले विद्यार्थीलाई ई-बुकमा डिजिटल किताब पढ्न, डाउनलोड गर्न, विषयवस्तु सम्पादन गर्न, अनलाइन पढ्न, प्रश्नोत्तर गर्न, कक्षाकार्य र गृहकार्य गर्न

सहयोग पुग्दछ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा रुजुसूची, रेटिङ स्केल, विद्यार्थीको प्रोफाइल, अभिलेख, फोटो, भिडियो राखेर आधुनिक सञ्चार प्रविधिको प्रयोग गरी कम्प्युटरकृत गरेर मूल्याङ्कन गर्न सकिन्छ ।

सञ्चार र प्रविधिका साधनले शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारी भूमिका खेले तापनि हामीसँग भएको मानवीय संसाधन र संस्थागत क्षमताका कारणले सञ्चार र प्रविधिको प्रयोगमा कठिनाइ र चुनौतीपूर्ण स्थितिको सिर्जना भएको देखिन्छ । आधुनिक सूचना प्रविधिसँग परिचित गराई विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने र प्राविधिक र व्यावसायिक सिप विकास गर्न सञ्चार र प्रविधिलाई पाठ्यक्रममा समावेश गर्न आवश्यक देखिन्छ । सञ्चार र प्रविधिलाई पाठ्यक्रममा विशिष्ट स्थान दिने कुरामा सरकारले पाठ्यक्रम निर्माणको एउटा सैद्धान्तिक आधार मानेको छ । यसका लागि सरकारले आवश्यक सामग्री उपलब्ध गराउने, अनलाइन पद्धतिबाट शिक्षक तालिम सञ्चालन गर्ने र उपकरण मर्मत सम्भारका लागि प्राविधिक सहयोग उपलब्ध गराउन सकेमा शिक्षण सिकाइमा सञ्चार र प्रविधिको प्रयोग प्रभावकारी, अनिवार्य र आवश्यक अङ्ग बन्न सक्दछ ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी, हेमाङ्गराज (२०६२). *सामाजिक र प्रायोगिक भाषा विज्ञान (ते.स.).* रत्न पुस्तक भण्डार ।
अर्याल, दीपक (२०६६). *आमसञ्चार र पत्रकारिता.* प्रशान्ति प्रकाशन ।
अधिकारी, सूर्यमणि (२०७५). *नेपाली भाषाको इतिहास.* भुँडीपुराण प्रकाशन ।
आचार्य, तुलसीप्रसाद (२०६२). *आमसञ्चार र पत्रकारिता.* भुँडीपुराण प्रकाशन ।
आचार्य र गौतम (२०६३). *सामाजिक तथा मनोभाषाविज्ञान.* दीक्षान्त प्रकाशन ।
आचार्य, भानुभक्त (२०६७). *आमसञ्चार र पत्रकारिता* . प्रधान बुक हाउस ।
*आवधिक योजना.* राष्ट्रिय योजना आयोग ।
खतिवडा, लयप्रसाद (२०७५). *नेपाली भाषा र व्याकरण.* लेखक स्वयम् ।
खतिवडा, लयप्रसाद (२०७८). *भाषाविज्ञानको सैद्धान्तिक पक्ष.* ड्रिमल्याण्ड पब्लिकेसन ।
खनाल, श्रीराम (२०६८). *आमसञ्चार र पत्रकारिता* . विद्यार्थी पुस्तक भण्डार ।
गौतम, देवीप्रसाद, (२०४९). *नेपाली भाषाको परिचय.* साझा प्रकाशन ।
चालिसे, विजय (२०६४). *आमसञ्चारका सिद्धान्तहरू.* साझा प्रकाशन ।
ढकाल, सरोज (२०६५). *कान्तिपुर र गोरखापत्रमा प्रकाशित आर्थिक समाचारको तुलनात्मक अध्ययन ।*
देवकोटा, ग्रिष्मबहादुर (२०२३). *नेपालको छापाखाना र पत्रिकाको इतिहास* ।
*नेपाल परिचय,* (२०७९). नेपाल सरकार सूचना तथा प्रसारण विभाग ।
पोखरेल, प्रवलराज (२०५१). *पत्रकारिताको सामान्य परिचय.* निर्मला पोखरेल ।
*प्रज्ञा नेपाली बृहत् शब्दकोश* (२०७९). नेपाल प्रज्ञा प्रतिष्ठान ।
बन्धु, चूडामणि (२०७७). *भाषाविज्ञान.* (दसौँ सं.).साझा प्रकाशन ।
*बजेट वक्तव्य* २०६७ देखि २०७४ सम्म. अर्थ मन्त्रालय ।
रावत, रमेश (सन् २००५). *भाषाविज्ञान.* पञ्चशील प्रकाशन ।
शर्मा, देवेन्द्रनाथ र शर्मा, दीप्ति (सन् १९६६). *भाषाविज्ञानकी भूमिका.* राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।